# बटेश्वर गाउँपालिका

# Bateshwor Rural Municipality

## गाउँ कार्यपालिकाको कार्यालय, बटेश्वर, धनुषा

## Office Of The Rural Municipal Executive
## Bateshwor,Dhanusha

## बालुवा,ढुङ्गा,गिट्टी र ग्राभेलको उत्खन्न संकलन गर्ने ठेक्का सम्बन्धी १५ (पन्ध्र) दिने सूचना

प्रथम पटन प्रकाशित मितिः२०७८/०७/१७ गते

यस गाँउपालिका कार्यालयबाट स्थानिय सरकार संचालन २०७४ को दफा ११ बमोजिम बटेश्वर गाँउपालिका बटेश्वर ,धनुषाको क्षेत्राधिकार भित्र पर्ने ढुङ्गा,गिटी,बालुवा,ग्राभेल र रोडाको बिक्री कर संकलन गर्ने ठेक्का बन्दोबस्त गर्नु परेको हुदा ठेक्का बन्दोबस्तको लागि आ.व.२०७८/०७९ को कार्तिक १ गते देखी २०७९ जेष्ठ मसान्त सम्म बसही खोला,सुखजोड खोला,औरही खोला,बिग्ही खोला,बडहरी खोला बाट ढुङ्गा,गिटी,बालुवा,ग्राभेल र रोडाको बिक्री कर संकलन गर्न प्रारम्भिक वातावरणिय प्रतिवेदन(IEE) को परिधिमा रही १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ।

| क्र.स | ठेक्का नं. | खोलाको नाम | उतखन्न गर्न पाउने परिमाण(बार्षिक) | न्युन्तम ठेक्का रकम (सेवा सुल्क र भ्याट बाहेक ) | न्यून्तम धरैटी रकम | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|---|
| २ | 01/IR/BRM/2078-79 | सुखजोड खोला | ७२०० घ.मि. | ९०००००।- | कबोल अंकको ५% | ३०००।- |
| ३ | 02/IR/BRM/2078-79 | औरही खोला | ८४०० घ.मि. | १०५००००।- | | ३०००।- |
| ५ | 03/IR/BRM/2078-79 | बडहरी खोला | १४४०० घ.मि. | १८०००००।- | | ३०००।- |

१. बोलपत्र फारम बापत रु ३०००।–(तिन हजार) मात्रको रकम यस कार्यालयको एन.एम.बि.बैंक बटेश्वर शाखामा रहेको राजश्व खाता नं १०२००६७६३६३०००१३ मा नगद रकम जम्मा गरेको सक्कल बैंक भैचर बुझाई यस कार्यालयबाट १५ (पन्ध्र) दिन भित्र बोलपत्र फारम खरिद गरिसक्नुपर्ने छ।

२. बोलपत्र फारम यो सुचना प्रकाशित भएको मितिले १६ औं दिनको १२ बजे सम्म यस कार्यालयमा जम्मा गर्नुपर्नेछ।

३. सिलबन्दी बोलपत्र दर्ता भएको दिनको २ बजे यस कार्यालयको प्रतिनिधिहरु र बोलपत्र दाताहरुको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ र बोलपत्र खोलिने समयमा बोलपत्र दाताहरुको प्रतिनिधिहरु उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा हुने छैन।

४. शिलबन्दी बोलपत्रमा ठेक्का कबोल रकमको ५ % ले हुने रकम यस कार्यालयको एन.एम.बि.बैंक बटेश्वर शाखामा रहेको धरैटि खाता नं १०२००६७६३६३००१७२ मा नगद रकम जम्मा गरेको सक्कल बैंक भैचर वा सुचना जारी भएको मितिले कम्तिमा १२० दिन म्याद नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंक "क" वर्गको बैंक बोलपत्र जमानत(बिड बोन्ड) पेश गर्नु पर्नेछ साथै बोलपत्रदाताले आफनो नेपाली नागरिकताको प्रतिलिपी र फमको हकमा पान दर्ता प्रमाणपत्र,ईजाजत पत्र समेतको प्रतिलिपि पेश गर्नु पर्नेछ।

५. बोलपत्र दाताले फारम भर्दा आफुले कोबोल गरेको ठेक्का रकम अंक र अक्षरमा स्पष्ट लेखी खाम बन्दी गरी शिल,लाहा छाप लगाई खामको माथि आफ्ने फर्मको नाम,ठेगाना,सम्पर्क नं.र ठेक्का नं. लेखी बोलपत्र दर्ता गराउनुपर्ने छ।

६. बोलपत्र फारममा भरेको रकमको अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखीएकोलाई मान्यता दिईनेछ।

७. बोल पत्र खरिद गर्ने तथा दर्ता गराउने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा उक्त कार्य भोली पल्ट कार्यालय खोलिएको दिनमा गरिने छ।

८. न्यूनतम ठेक्का रकम भन्दा सबै भन्दा बढी ठेक्का रकम कबोल गर्ने बोलपत्र स्वीकृत गरिने छ।

९. बोलपत्र स्वीकृत पश्चात पत्र बुझेको सात (७) दिन भित्र सम्झौता गर्न नआएमा ५% राखेको दरौटी जफत हुने छ।

१०. ठेक्का सम्झैताको समयमा ठेकेदारले पहिलो किस्ता बापत कबोल अंकको ४०% रकम यस कार्यालयको एन.एम.बि.बैंक बटेश्वर स्थीत रहेको राजश्व खाता नं. १०२००६७६३६३००१७२मा जम्मा गरेको सक्कल भैचर पेश गर्नुपर्ने छ र बाकी अवधिको लागि दोसो किस्ताको रकमको लागि कबोल रकमको बाँकी ६०% रकमको यस कार्यालयको नाममा २०७९ साउन मसान्त सम्मको बैंक ग्यारेन्टी समेत पेश गरी पट्टा उठाउनु पर्नेछ। दोसो किस्ता बैसाख मसान्त सम्ममा जम्मा गर्नुपर्ने छ।

११. ठेक्का अवधि सम्झैता निति देखि २०७९ जेष्ठ १५ गते सम्मको रहने छ।

१२. ठेक्का सम्झैता भई सकेपछी बन्द,हडताल वा कुनै कारण देखाई ठेक्का रकममा कुनै प्रकारको छुट र मिन्हा माफी दिईनेछैन।

१३. ठेकेदारले सम्झैताको समयमा कबोल गरेको ठेक्का अंकको सम्पूर्ण रकम एकमुष्ठ रकम बुझाएमा ५% सम्म नियमानुसार छुट दिन सकिनेछ।

१४. बालुवा,ढुङ्गा,गिट्टी,रोडा र ग्राभेलको बिक्रीका कर प्रति घन मिटर रु १२५ को दरले लिन पाउने छ।

१५. यस कार्यालयले निरधारण गरेको दर रेट भन्दा बढी अशुल गरेमा नियमानुसार कार्वाहि भई ठेक्का रद्द समेत गर्न सकिनेछ।

१६. ठेकेदारले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन र सम्झैता उल्लेखित शर्त बमोजिम कार्य गर्नु पर्नेछ।

१७. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूण अधिकार यस गाँउपालिकामा निहित रहनेछ।

# बटेश्वर गाउँपालिका

## Bateshwor Rural Municipality

## गाउँ कार्यपालिकाको कार्यालय, बटेश्वर, धनुषा

## Office Of The Rural Municipal Executive

## Bateshwor, Dhanusha

१८. केरमेट भएको, सही छाप नभएको,म्याद पछि दर्ता हुन आएको बोलपत्र स्वीकृत गरिने छैन।

१९. बोलपत्र दाता तथा गाँउपालिका बिच कुनै किसिमको मतभिन्नता भएमा गाँउपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिनेछ।

२०. यस सूचनामा उल्लेखीत भएका कुराहरु यसै बमोलिम र नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

२१. नदी वा खोला उतखन्न तथा संकलन गर्न ह्याबी ईक्यूप्मेन्ट प्रयोग गर्न पाईनेछैन।

२२. बालुवा ढुङ्गा ,गिट्टी ,रोडा र ग्राभेलको बिक्री कर प्राकृतिक धार ,किनारा,घाट,पुल-पुलेसा,लोक मार्ग तथा सार्वजनिक स्थललाई छती नहुने गरी नदी बहाव बाट ५ मिटर छोडेर जम्मा किनाराको दुई तिहाई मात्र उतखन्न संकलन गर्न पाईनेछ।

२३. प्रारम्भिक वाताबरणीय परिक्षण प्रतिवेदनमा उल्लेख भएको सर्तको अधिनमा रही उत्खन्न संकलन गर्नु पर्ने छ।

२४. बन क्षेत्र ,कुनै व्यतिको निजि जग्गा ,कुलो,बाधँ,सरकारी जमिनबाट बालुवा,ढुङ्गा,गिट्टी  ग्राभेल उत्खन्न गर्न पाईने छैन।

२५. ठेकेदारले ठेक्का स्वीकृत भए पश्चात कोबोल रकमको नियमानुसार १३%मुल्य अभिवृद्धी कर र १.५% अग्रीम आयकरको रकम अन्तरिक राजश्व कार्यालयमा दाखिला गर्नु पर्नेछ।

२६. बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति र समय १५ औं दिन कार्यालय समय सम्म।

२७. शिलबन्दी बोलपत्र फरम दाखिला गर्ने मिति र समयः-१६औं दिनको १२ बजे सम्म।

२८. शिलबन्दी बोलपत्र फारम खोलने मिति र समय – १६ औं दिनको २ बजे।

२९. शिलबन्दी बोलपत्र खोल्ने स्थानः-बटेश्वर गाँउपालिकाको कार्यालय बटेश्वर,धनुषा।

प्रमुख प्रशासकीय अधिकृत

रामजी जोशी

प्रमुख प्रशासकिय अधिकृत